# पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको स्वीकृत वार्षिक कार्यक्रमको क्रमसंख्या २.५.३.१८३ मा उल्लिखित सामाजिक परिचालक करार कार्यक्रम अन्तर्गत पशु सेवा सामाजिक परिचालक छनौट कार्य खुल्ला प्रतिस्पर्धाबाट सम्पन्न गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो मार्गदर्शन तयार गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नामः यो मार्गदर्शनको नाम पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६ रहेको छ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "मार्गदर्शन" भन्नाले पशु सेवा सामाजिक परिचालक छनौट सम्बन्धी मार्गदर्शन, २०७६ सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनालाई सम्झनु पर्छ।

(ग) "आयोजना व्यवस्थापन इकाई" भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको व्यवस्थापन तथा सञ्चालन गर्ने केन्द्रीय इकाई सम्झनु पर्छ।

(घ) "विकेन्द्रिकृत आयोजना सहयोग इकाई" भन्नाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने विकेन्द्रिकृत आयोजना सहयोग इकाई सम्झनु पर्छ।

(ङ) "पशु सेवा सामाजिक परिचालक" भन्नाले आयोजना सञ्चालन हुने जिल्लाहरुमा फिल्डस्तरमा कार्य सञ्चालनका लागि खटिने सहायक स्तरका प्राविधिक सम्झनु पर्छ।

(च) "छनौट समिति" भन्नाले यस मार्गदर्शनको दफा ६ को उपदफा (१) अनुसार गठन भएको समिति सम्झनु पर्छ ।

३. उद्देश्यः यस मार्गदर्शनको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) पशु सेवा सामाजिक परिचालक छनौट प्रक्रियामा एकरुपता ल्याई पारदर्शी बनाउने।

(ख) आयोजना सञ्चालन हुने क्षेत्रमा पशु सेवा सम्बन्धी कार्य सञ्चालनलाई सहज बनाउने।

परिच्छेद-२

पशु सेवा सामाजिक परिचालक छनौट गर्ने सम्बन्धी व्यवस्था

४. सूचना प्रकाशन गर्नेः (१) यस मार्गदर्शन अनुरुप अनुसूची (१) बमोजिमको कार्य गर्न आयोजना व्यवस्थापन इकाईले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त मागका लागि पशु सेवा सामाजिक परिचालकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) १८ वर्ष पुरा भएको नेपाली नागरिक,

(ख) पुरुष उम्मेदवारको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको,

(ग) भविष्यमा सरकारी सेवाको निमित अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त नगरिएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) नेपाल कृषि सेवा, लाइभस्टक पोल्ट्रि एण्ड डेरी डेभलप्मेन्ट वा भेटेरिनरी समूहको रा.प.अनं.द्वितीय श्रेणीको प्राविधिक पदको लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

(३) उपदफा (१) बमोजिम तोकिएको दरखास्त फारमको ढाँचा अनुसूची (२) अनुसार हुनेछ र परीक्षा दस्तुर लोक सेवा आयोगबाट रा.प.अनं. द्वितीय श्रेणीको पदको परीक्षाको लागि तोके बमोजिम हुनेछ।

५. दरखास्त फाराम पेश गर्नेः दफा ४ को उपदफा (२) मा उल्लेख भएबमोजिमको न्यूनतम योग्यता पूरा भएका उम्मेदवारले सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाईमा तोकिएको म्याद भित्र तोकिएको ढाँचामा दरखास्त फराम पेश गर्नु पर्नेछ।

६. परिक्षा सञ्चालन गर्नेः (१) दफा ५ बमोजिम दरखास्त पेश गरेका प्राविधिक मध्येबाट पशु सेवा सामाजिक परिचालक छनौट गर्न देहाय बमोजिमको समिति रहने छ,-

| | |
|---|---|
| (क) प्रमुख, विकेन्द्रिकृत आयोजना सहयोग इकाई, | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, कृषि तथा पशुपन्छी मन्त्रालय वा मातहतका निकाय | सदस्य |
| (घ) विषय विज्ञ (विकेन्द्रिकृत आयोजना सहयोग इकाईले तोकेबमोजिम) | सदस्य |
| (ङ) विकेन्द्रिकृत आयोजना सहयोग इकाई प्रमुखले तोकेको अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) लिखित परीक्षा सञ्चालन गर्ने,

(ख) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने,

(ग) लिखित परीक्षामा सफल उमेद्‌वारहरुको अन्तरवार्ता लिने,

(घ) लिखित परीक्षा र अन्तरवार्ताको प्राप्ताङ्कको योगफल तयार गर्ने,

(ङ) अन्तिम नतिजा प्रकाशन गर्ने,

(च) सफल उमेद्‌वारलाई नियुक्तिको लागि सिफारिस गर्ने

७. प्रश्नपत्र र गोपनियता सम्बन्धी व्यवस्थाः (१) पशु सेवा सामाजिक परिचालक छनौटका लागि लिइने परीक्षा लोक सेवा आयोगले नेपाल कृषि सेवा, लाइभस्टक पोल्ट्रि एण्ड डेरी डेभलप्मेन्ट वा भेटेरिनरी समूह अन्तरगत रा.प.अनं.द्वतीय श्रेणीको प्राविधिक पदको लागि निर्धारण गरेको पाठ्यक्रम तथा पूर्णाङ्क बमोजिम हुनेछ ।

(२) परीक्षा सञ्चालनको लागि प्रश्नपत्र तयार गर्ने जिम्मेवारी आयोजना व्यवस्थापन इकाईको हुनेछ।

(३) परीक्षा सञ्चालन गर्दा गोपनियता कायम हुने गरी कोडिङ्ग/डि-कोडिङ्ग गर्ने जिम्मेवारी छनौट समितिको हुनेछ।

८. नतिजा प्रकाशनः (१) छनौट समितिले लिखित र अन्तरवार्ताको प्राप्ताङ्कको आधारमा छनौट भएका मुख्य र बैकल्पिक उम्मेदवारको योग्यताक्रम सूची सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाईको सूचनापाटीमा प्रकाशन गर्नेछ।

(२) सिफारिस भएको मुख्य उमेद्‌वारले नियुक्ति नलिएमा वा नियुक्ति लिई तोकिएको सम्झौता अवधि भित्र कुनै कारणवस सम्झौता रद्द गरेमा उपदफा (१) बमोजिमको योग्यताक्रमको सूची अनुसार बैकल्पिक उम्मेदवारसँग सेवा करारका लागि सम्झौता गर्न सकिने छ।

## परिच्छेद -३
## करार सम्झौता सम्बन्धी व्यवस्था

९. करार प्रकृयाः (१) आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दफा ८ बमोजिम छनौट भएका पशु सेवा सामाजिक परिचालकको सेवा करार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा लिइएका पशु सेवा सामाजिक परिचालकहरुको कार्य सम्पादन सन्तोषजनक नभएमा विकेन्द्रिकृत आयोजना सहयोग इकाईले सेवा करार रद्द गर्न सक्नेछ।

(३) आयोजनाको अन्य आर्थिक वर्षमा बजेट व्यवस्थापन भएमा विकेन्द्रिकृत आयोजना सहयोग इकाईले सेवा करारको म्याद थप गर्न सक्नेछ।

(४) पशु सेवा सामाजिक परिचालकहरुको सेवा शर्त करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) पशु सेवा सामाजिक परिचालकहरुको पारिश्रमिक नेपाल सरकारले तोकेको संघको रा.प.अनं.द्वितीय श्रेणीको शुरु तलबस्केल भन्दा बढी हुने छैन।

(६) पशु सेवा सामाजिक परिचालकहरुको कार्यविवरण अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ।

अनुसूची १

(परिच्छेद ३ को दफा ९ को उपदफा (६) सँग सम्बन्धित)

**पशु सेवा सामाजिक परिचालकको कार्यविवरण**

पशु सेवा सामाजिक परिचालकको कार्यविवरण निम्नानुसार हुनेछः

- विकेन्द्रिकृत आयोजना सहयोग इकाइको प्रत्यक्ष मातहतमा रही स्थानीय तहको पशु सेवा शाखा, आयोजनाको प्राविधिक सहायता समुह, (Technical assistance Service Provider), तथा व्यवसायिक सेवा प्रदायकहरु (Business Service Provider) सँगको समन्वयमा आयोजनाको संभाग 'ए', वि र सि अन्तर्गतका तोकिए वमोजिमका कार्यहरु गुणस्तरीय ढङ्गवाट सम्पादन गर्ने।
- स्थानीय तहमा आवश्यकता अनुसार कृषक समूह, सहकारी, समिति गठन गरी आयोजनाको कृयाकलापहरुवारे जानकारी गराउने।
- गठन गरिएका नयाँ तथा पुराना समूह, सहकारी, समितिहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थानीय तहको पशु सेवा शाखासँगको समन्वयमा घाँसेवाली लगाउने तथा विउ उत्पादन गर्ने।
- कृषक समूह, समिति, सहकारीहरुको नियमित वैठक गराउन सहयोग गर्ने।
- कृषक पाठशाला सञ्चालन गर्ने/गराउने।
- तोकिएका जिल्ला तथा पालिकाहरुमा पशुहरुलाई निर्धारण गरिएका खोपहरु लगाउने व्यवस्था गर्ने/गराउने।
- आयोजनावाट तोकिएवमोजिमको अभिलेखमा आधारित आनुवंशिक सुधार प्रणाली (Pedigree Performance Recording System) का कार्यक्रमहरु सञ्चालन गर्ने।
- पशु आहाराका लागि आहार वनाउने तथा उपभोग गर्ने सम्बन्धी नविनतम प्रविधिहरु जस्तै वाइपास प्रोटिन, टि.एम.आर, साइलेज, हे, खनिज, लवण आदी कृषकको घरदैलो सम्म पुर्याउने।
- आयोजनावाट प्रदान गरिने अनुदानको लागि कृषक संस्थाहरुवाट प्राप्त भएका आयोजना अवधारणा पत्र (PCN) को पूर्ण प्रस्ताव सम्बन्धी फिल्ड भेरिफिकेसनहरुको मूल्याङ्कनमा सहयोग पुर्याउने, छनौट भएका प्रस्तावहरुलाई ऋण उपलब्ध गराउन सम्बन्धित वैंकहरुसँग समन्वय गराउने र त्यस्ता प्रस्तावहरुको कार्यान्वयनमा व्यावसायिक सेवा प्रदायकको निर्देशनमा सम्पूर्ण कार्य गर्ने गराउने।
- आफू कार्यरत रहेको क्षेत्रको आधारभूत तथ्याङ्क संङ्कलन गरी प्रोफाइल तयारीमा सहयोग गर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

- मासिक, चौमासिक र वार्षिक क्यालेण्डर तयार गरी सेवा उपलब्ध गराउने र सोको प्रगति प्रतिवेदन सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाइमा पठाउने ।
- सम्बन्धित विकेन्द्रिकृत आयोजना सहयोग इकाइ, प्राविधिक सहायता समूह र व्यवसायिक सेवा प्रदायकले तोके वमोजिमका अन्य कार्यहरु गर्ने।

# अनुसूची २

## (परिच्छेद २ को दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## दरखास्त फारमको ढाँचा

| कार्यालय प्रयोजनका लागि |
|---|
| परिक्षार्थीको संकेत नं.: |
| रोल नं./विज्ञापन नं. /सूचना नं. |
| ............/............./............... |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रिकृत आयोजना सहयोग इकाई.......................
दरखास्त फारम
(खुला प्रतियोगितात्मक परीक्षाका लागि)

| हालसालै खिंचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

(क) उम्मेद्वारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

| १. विज्ञापन नं.: | २. पद: सामाजिक परिचालक | ३. श्रेणी: रा.प.अन.द्वतीय प्रा. सरह |
|---|---|---|
| ५. परीक्षा केन्द्र: | | |

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| ेदवारको | नाम,थर | (देवनागरीमा) | | |
|---|---|---|---|---|
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग : |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला : | ख) म.न.पा./उ.म.न.पा/न.पा./गा.पा. | | ग) वडा नं. |
| | घ) टोल : | | ङ) मार्ग/घर नं.: | च) फोन नं. |
| पत्राचार गर्ने ठेगाना : | | | ई-मेल : | |
| बाबुको नाम,थर : | | | आमाको नाम,थर : | |
| बाजेको नाम,थर : | | | पति/पत्नीको नाम,थर : | |
| जन्म मिति | (वि.सं.मा) | | (ईस्वी सन्मा) | हालको उमेर: वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फारम भरेको पदको विज्ञापनको लागि अनुभव भएमा मात्र उल्लेख गर्ने)

| कार्यालय | पद | स्थायी /अस्थायी /करार | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेद्वारले पालना गर्ने भनी प्रचलीत कानून तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | | उम्मेदवारको दस्तखत : |
|---|---|---|---|
| दायाँ | बायाँ | | मिति : |

| कार्यालयको कर्मचारीले भर्ने | | |
|---|---|---|
| रसिद/भौचर नं. | रोल नं. | |
| दरखास्त अस्वीकृत भए सोको कारण : | | |
| दरखास्त रुजु गर्नेको दस्तखत: <br> मिति : | दरखास्त स्वीकृत /अस्वीकृत गर्नेको दस्तखत <br> मिति : | |

द्रष्टव्य: दरखास्तसाथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता तथा सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि

(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि),

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु:-

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।

२. परीक्षाहलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तरवार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु पर्नेछ।

४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि परीक्षाहलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधाघण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षासंगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।

५. परीक्षाहलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षाहल बाहिर जाने अनुमति दिइने छ ।

६. परीक्षाहलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्न पाइने छैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुंदैन ।

७. परीक्षाहलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानूनबमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

बिरामी भएको उम्मेदवारले परीक्षाहलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोजना जवाफदेही हुने छैन ।

९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।

१०. सूचनामा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

११.उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्तप्रश्नपत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

१२.ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

१३.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

## प्रवेशपत्र

| | |
|---|---|
| विज्ञापन नं. | |
| पद | |
| श्रेणी / तह | |
| परीक्षाको किसिम | |
| परिक्षा केन्द्र | |
| उम्मेदवारको | नाम थर :- |
| | दस्तखत :- |

उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु:-

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।

२. परीक्षाहलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तरवार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु पर्नेछ ।

रीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि परीक्षाहलमा प्रवेश गर्न दिइनेछ । वस्तुगत परीक्षा शुरु भएको १५ मिनेट पछि र विषयगत परीक्षा शुरु भएको आधाघण्टा पछि आउने र वस्तुगत तथा विषयगत दुवै परीक्षासंगै हुनेमा २० मिनेट पछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।

५. परीक्षाहलमा प्रवेश गर्न पाउने समय अवधि (बुँदा नं. ४ मा उल्लेख गरिएको बितेको १० मिनेट पछाडि मात्र उम्मेदवारलाई परीक्षाहल बाहिर जाने अनुमति दिइने छ ।

६. परीक्षाहलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्न पाइने छैन। उम्मेदवारले आपसमा कुराकानी र संकेत समेत गर्नु हुंदैन ।

७. परीक्षाहलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षा हलबाट निष्काशन गरी तुरुन्त कानूनबमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।

८. बिरामी भएको उम्मेदवारले परीक्षाहलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा आयोजना जवाफदेही हुने छैन ।

९. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।

१०. सूचनामा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।

११.उम्मेदवारले वस्तुगत परीक्षामा आफूलाई प्राप्तप्रश्नपत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ। नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

१२.ल्याकत (आई.क्यू.) परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।

१३.कुनै उम्मेदवारले प्रश्नपत्रमा रहेको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

## प्रवेशपत्र

| | |
|---|---|
| विज्ञापन नं. | |
| पद | |
| श्रेणी / तह | |
| परीक्षाको किसिम | |
| परिक्षा केन्द्र | |
| उम्मेदवारको | नाम थर :- |
| | दस्तखत :- |